# नेपाल गजेट

## भाग ४


श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ८ गते २०२१ साल


### नेपाल लोकसेवा आयोगको

### विज्ञापन

निम्न लिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएका छन्। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. १ (२०२१) का दरखास्त फाराममा आफ्नो बिबरण स्पष्ट भरी, निम्न लिखत दस्तूरसहित निम्न लिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनुपर्छ। दरखास्त दिंदा आफले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्र र मार्कशीटका नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनुपर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्न लिखत मितिमा यस आयोसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिनेछैन।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमातै दरखास्त पठाउन सूचना गरिन्छ। साधारण तयार उम्मेदवार-हरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रित नपुगेको उल्लिखित दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर कुनै विचार हुनेछैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा उल्लिखित दस्तूर सहित विभागीय प्रमुख ( विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख ) को सिफारिश पेश गर्नु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फाराम एक प्रति निमित्त रू. । ५० पचास पैसा मोल तिरी सोझै यस आयोगबाट चाहि जति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपि समेत यस आयोगमा बुझाउनु पर्नेछ ।

## विज्ञापन नं. ४०

१) पद र स्थानः– श्री ५ को सरकार, पञ्चायत विकास विभाग अन्तर्गत पञ्चायत प्रशिक्षण केन्द्र रामपुर, चितौनको निमित्त अर्थ शास्त्रको लेक्चरर पद १ एक गजेटेड तृतीय श्रेणी प्राविधिक ( शिक्षा सेवा ) अनिश्चित काल तकको अस्थायी तथा पेन्शन नपाइने ।

२) आवश्यक न्यूनतम योग्यताः–एम. ए. (अर्थ शास्त्र )

३) वाञ्छनीय योग्यताः– एम. ए. (अर्थ शास्त्र) मा प्रथम वा द्वितीय श्रेणीमा पास भएका तथा ग्रामिण जन जीवनमा रूचीभई अध्यापन कार्यमा अनुभवी ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

५) महंगी भत्ताः– प्रचलित नेपाल कानूनबमोजिम ।

६) दरखास्त दस्तूरः–नगद रू. ३।– तीन रुपैयां।

७) अन्तर्वार्ता दस्तूरः– नगद रू. १० दश रुपैयाँ ।

८) उम्मेदवारले गर्नु पर्ने कामको किसिमः– अर्थ शास्त्र सम्बन्धी तालिम दिने ।

९) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२१।६।६।४

१०) सम्पर्क मितिः–०२१।६।११।६ का दिन ३ बजे ।

११) उमेर :– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

१२) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट योग्य देखिएका उम्मेदवारको यस आयोगमा रहेको फारामबमोजिम कुनै सरकारी अस्पतालबाट स्वास्थ्यपरीक्षा गराई योग्य देखिएमामात्र सिफारिश गरिने छ । स्वास्थ्यपरीक्षावापत उम्मेदवारले नगद रू १० दश रुपैयां बुझाउनु पर्नेछ ।

आज्ञाले–
उदयप्रसाद
सचिव
लोकसेवा आयोग ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।